आमाछोदिङमो गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा युवा तथा खेलकुद शाखा)
गोल्जुङबेसी, रसुवा
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या :- ०८१/०८२
चलानी नं. :- ७

श्री विद्यालयहरू सबै
आमाछोदिङमो गाउँपालिका रसुवा ।

मितिः २०८१।०६।१३

**विषय: विद्यालय सञ्चालन सम्बन्धमा ।**

प्रस्तुत विषयमा २०८१ असोज ११ देखि देश भर परेको अविरल वर्षाको कारण विभिन्न स्थानमा मानवीय तथा भौतिक क्षति भएको सूचनाहरू प्राप्त भइरहेका छन् । हाम्रो गाउँपालिकामा पनि लगातारको वर्षाले साङजेन खोलामा बएको बाढीले सरस्वती आधारभूत विद्यालयको घेराबारलाई कटान गरेर क्षति पुऱ्याएको, वडा नं ५ मा अवस्थित तातोपानी आधारभूत विद्यालयको घेराबारको लागि लगाइएको जालि बगाएको सूचना प्राप्त भएको, हाकुवेसी आधारभूत विद्यालयको जमिनमा चिरा परेको भनि प्रधानाध्यापकबाट फोन मार्फत जानकारी प्राप्त भएको छ । गाउँपालिका भित्रका खोला खोल्साहरूमा आएको बाढीका कारण सवारी साधनको आवतजावत अवरूद्ध भएको अवस्था छ । यसै सन्दर्भमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले २०८१ असोज १२ गते बेलुकी जारी गरेको विज्ञप्तिमा विपदको कारण ३ (तीन) दिन सम्म विद्यालयहरू बन्द गर्न स्थानीय तहलाई आग्रह गरेको र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं.६४ मिति २०८१।०६।१२ को पत्रबाट समेत सोही विज्ञप्तिमा भनिए बमोजिम विद्यालय बन्द तथा आवश्यक सहयोग र सहजीकरणको लागि अनुरोध भई आएकोमा विद्यालयमा वर्षाको कारण भएको असर र हुन सक्ने सम्भावित क्षतिलाई न्यूनिकरण गर्नका लागि विद्यालय व्यवस्थापन समितिसँग छलफल गरी विद्यालय सञ्चालन सम्बन्धमा सूचना प्रवाह गर्नु हुन अनुरोध छ । साथै विद्यालयमा भएको भौतिक क्षतिको विवरणको प्रहरी मुचुल्का समेत तयार गरी यथाशक्य छिटो गाउँपालिकामा पेश गर्न तथा आफ्नो विद्यालयको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Iemis) मा अद्यावधिक गराउनु हुन अनुरोध छ ।

राजेन्द्र प्रसाद आचार्य
शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

राजेन्द्र प्रसाद आचार्य
शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख



Scanned with CamScanner